का.जि.प्र.का.द.नं. १००/०५९/६०
२६ चैत २०८०,
सोमबार
8 April 2024,
Monday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २२, अंक ५५ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com



# जवाफ दिन नपाएका गृहमन्त्री

दुई पटक कार्यसूची तय भएर पनि प्रतिनिधि सभाको रोष्ट्रममा जान नपाएका उपप्रधान तथा गृहमन्त्री रवि लामिछाने फेरि पनि संसदमा उठेका प्रश्नहरुको जवाफ दिन पाउनुपर्ने अडानमा छन् । तर नेपाली कांग्रेसले गृहमन्त्री लामिछानेप्रति निषेधको नीति छोडेको छैन ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २५ चैत ।

उपप्रधान तथा गृहमन्त्री समेत रहेका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले आइतबारसंसदीय दलको बैठकमा बोल्न नपाएको विषयमा छलफल भएको छ ।

बैठकमा लामिछानेले आफू संसदमा उठेका प्रश्नहरुको जवाफ दिने तयारीमा रहेको, तर प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले नमानिरहेको ब्रिफिङ गरेका थिए । यसअघि आफू तीन पटक जवाफ दिने तयारीसहित संसद भवन पुगेको, तर नपाएको लामिछानेले बताएका छन् । दुई पटक कार्यसूची तय भएर पनि गृहमन्त्रीले प्रतिनिधिसभाको रोष्ट्रम प्रयोग गर्न पाएका थिएनन् ।

दुई पटक कार्यसूची तय भएर पनि प्रतिनिधि सभाको रोष्ट्रममा जान नपाएका उपप्रधान तथा गृहमन्त्री रवि लामिछाने फेरि पनि संसदमा उठेका प्रश्नहरुको जवाफ दिन पाउनुपर्ने अडानमा छन् । तर, कांग्रेसले गृहमन्त्रीलाई सुन्न चाहिरहेको छैन । सहकारीको रकम पृष्ठ २ मा

## सदन चलाउन सभामुख सक्रिय

संसदमा प्रतिपक्षले उठाइरहेको प्रश्न र समस्या समाधानको विषयमा पहल लिन सभामुख देवराज घिमिरे सक्रिय भएका छन् । आइतबार नेताहरुसँग अनौपचारिक संवाद गरेका सभामुख घिमिरेले सोमबार शीर्ष नेताहरुलाई छलफलमा बोलाएका छन् । सिंहदरवारस्थित सभामुखको कार्यकक्षमा सोमबार बिहान १० बजे सभामुखसहित शीर्ष नेताहरुको छलफल हुनेछ । छलफलमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, विपक्षी दल नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति समेत रहेका उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेलाई बोलाइएको छ ।

# सत्ताका लागि बदनाम सत्तारुढ

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २५ चैत ।

नेकपा एमाले र नेकपा माओवादी केन्द्र सम्मिलित संघीय सत्ता गठबन्धन अनुसार गण्डकी प्रदेशमा नयाँ सरकार बनेको छ । नेकपा एमालेका खगराज अधिकारीले मुख्यमन्त्रीको शपथ लिएका छन् ।

तर उनको सरकार निर्माण प्रक्रियामा भने कतिपयले प्रश्न गरेका छन् । नेपालको संविधानको धारा १६८ को उपधारा (२) बमोजिम प्रदेशसभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलहरूको समर्थनमा अधिकारीले मुख्यमन्त्रीमा दाबी पेश गरेका थिए ।



सरकार बनाउन प्रष्ट बहुमत नपुग्ने भएपछि सभामुख समेतको संख्या देखाइएको छ । सरकार निर्माणमा सभामुखलाई जोड्न नमिल्ने सर्वोच्च अदालतको ब्याख्या बेवास्ता गर्दै गण्डकी प्रदेशमा सरकार बनाइएको छ ।

सभामुख सहित ३१ सांसदको समर्थन रहेको भनी दाबी पेश गरेका अधिकारीलाई प्रदेश प्रमुख डिल्लीराज भट्टले मुख्यमन्त्री नियुक्त गरेका हुन् । चैत २१ मा मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले राजीनामा दिएपछि प्रदेश प्रमुख भट्टले बहुमतको आधारमा सात दिनभित्र सरकार गठनका लागि आह्वान गरेका थिए । चैत २७ गते दिउँसो ३ बजेसम्म मुख्यमन्त्रीमा दाबी पेश गर्नका लागि समय तोकिएको थियो ।

तर सभामुखले राजीनामा नदिइकन मुख्यमन्त्रीलाई समर्थन रहेको भनी दाबी पेश गरे विषयलाई नेपाली कांग्रेसले असंवैधानिक कदम भनेको छ । कांग्रेस कोशीको नजिर देखाउँदै अदालत जाने तयारीमा छ ।

यसअघि सभामुख समेतको समर्थन लिएर कांग्रेसका उद्धव थापाले कोशी प्रदेशमा सरकार बनाएका थिए । त्यसबेला तत्कालीन विपक्षी दल नेकपा एमाले सर्वोच्च अदालतमा रिट लिएर गएको थियो ।

उक्त रिटमा सुनुवाई गर्दै सर्वोच्च अदालतले सरकार निर्माणमा सभामुखलाई जोड्न नमिल्ने ब्याख्या गरेको छ । सर्वोच्च अदालतको ब्याख्यालाई वेवास्ता गर्दै गण्डकी प्रदेशमा सरकार बनाइएको छ ।

यसलाई कतिपयले सत्ताका लागि सत्तारुढ दल बदनाम हुन खोजेको भनी टिप्पणी गरेका छन् । किनभने, नयाँ सरकारले ३० दिनभित्र विश्वासको मत लिनुपर्छ । विश्वासको मत नपाए नयाँ सरकार ३० दिन पनि टिक्ने छैन ।

६० सदस्यीय गण्डकी प्रदेश सरकार बनाउन ३१ सांसद आवश्यक पर्छ । नेकपा एमालेसँग २२ सांसद छन् । नेकपा माओवादी केन्द्रसँग सभामुखसहित ८ जना सांसद छन् । फणिन्द्र देवकोटा डा.बाबुराम भट्टराई नेतृत्वको नेपाल समाजवादी पार्टीबाट माओवादीको चुनाव चिन्हमा चुनाव लडेका सांसद छन् । देवकोटा नयाँ गठबन्धनलाई समर्थन नगर्ने पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# एक घण्टाभित्रै श्रम स्वीकृति

मन्त्री अर्यालले विद्युतको आपूर्ति र इन्टरनेटको स्पिडजस्ता प्राविधिक समस्यालाई ध्यानमा राखेर कागजपत्र पुगेको अवस्थामा एक घण्टामा नै सबै खालको श्रम स्वीकृति उपलब्ध गराउने प्रबन्ध मिलाइएको बताए ।

**मध्यान्ह संवाददाता**
काठमाडौं, २५ चैत

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री डोलप्रसाद अर्यालले वैदेशिक रोजगारीमा जाने श्रमिकले एक घण्टाभित्रमा नै श्रम स्वीकृति पाउने सुनिश्चितता गरिएको बताएका छन् । ताहाचलस्थित वैदेशिक रोजगार कार्यालयमा पत्रकार सम्मेलन गर्दै मन्त्री अर्यालले विद्युतको आपूर्ति र इन्टरनेटको स्पिडजस्ता प्राविधिक समस्यालाई ध्यानमा राखेर कागजपत्र पुगेको अवस्थामा एक घण्टामा नै सबै खालको श्रम स्वीकृति उपलब्ध गराउने प्रबन्ध मिलाइएको बताए ।

श्रम स्वीकृतिका लागि श्रमिकले मुख्यगरी पासपोर्ट, भिसा र रोजगारदातासँगको सम्झौता पत्र पेस गर्नुपर्नेछ । त्यस्तै श्रमिकले बीमा, कल्याणकारी कोष र सामाजिक सुरक्षा कोषको शुल्क भुक्तानी गरेको हुनुपर्ने व्यवस्था छ ।

मन्त्री अर्यालले श्रमिकले सबै प्रक्रिया पूरा गरी आवश्यक कागजपत्रसहित कार्यालय समयमा अनलाइनबाट आवेदन दिएमा २ मिनेट ४४ सकेण्डमा नै श्रम स्वीकृति प्रदान गर्न सक्ने अवस्था रहेको भन्दै नीतिगत र प्राविधिक सुधारका साथै कर्मचारीको अथक प्रयासले एक घण्टामा श्रम स्वीकृति उपलब्ध गराउन सम्भव भएको बताए । मन्त्री अर्यालले छिटोभन्दा छिटो श्रम स्वीकृति दिने कामलाई व्यवस्थित बनाउन पृष्ठ २ मा

### कतारमा श्रमिक डेस्क स्थापना गर्न माग

**काठमाडौं/मस–** गैरआवासीय नेपाली संघ (एनआरएनए) कतारले तत्काल कतारमा श्रमिक डेस्क स्थापना गर्न परराष्ट्र मन्त्रालयसमक्ष माग राखेको छ । करिब साढे तीन लाख नेपाली श्रमिक रहेको कतारमा श्रमिक डेस्क स्थापना गरेर सेवा विस्तार गर्न एनआरएनए कतारले माग गरेको हो ।

एनआरएनए कतारका अध्यक्ष रमेश भट्टको नेतृत्वमा आइतबार पृष्ठ २ मा

# प्रसारण लाइन अभावले बिजुली निर्यातको चर्चा मात्रै

**मनीषा अवस्थी/मध्यान्ह**
काठमाडौं, २५ चैत ।

नेपालमा बढिरहेको बिद्युत उत्पादन बिक्री गर्ने विषय चर्चामा छ । तर उत्पादन बराबर प्रसारण लाइन नबन्दा बिद्युत खेर जाने भने निश्चित छ ।

गत आर्थिक वर्ष २०७९/८० मा नेपालले भारतलाई १० अर्ब ४५ करोड रूपैयाँको बिजुली बिक्री गरेको थियो । उक्त वर्ष १९ अर्ब ४४ करोड रूपैयाँको बिजुली निर्यात भएको तथ्यांक छ । यसरी हेर्दा बिजुलीमा ८ अर्ब ९९ करोड रूपैयाँ व्यापार घाटा देखिएको छ । नेपालले पहिलो पटक नोभेम्बर २०२१ देखि ३९ मेगावाट विद्युत भारत निर्यात सुरू गरेको हो । हाल करिब ४५० मेगावाट विद्युत निर्यात भइरहेको छ ।

प्रसारण लाइन अपर्याप्त

पछिल्ला वर्षमा नेपालको बिद्युत निर्यात गर्ने भनिए पनि पर्याप्त प्रसारण नहुँदा सरकारको ध्यान त्यता केन्द्रित हुन भने सकको छैन । ग्राहकसम्म पुऱ्याउन र बचत भएको विद्युत् निर्यात गर्नका लागि देशभित्र र अन्तरदेशीय प्रसारण एवं सबस्टेशनको सञ्जाल विस्तार भए पनि पर्याप्त भने छैन ।

स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था (इपान) ले आर्थिक वर्ष २०७७/०७८ मा गरेको एक अध्ययनले पनि नेपालमा पर्याप्त प्रसारणलाइन अभावमा ९५.६ गिगावाट आवर बराबरको ३८ करोड बराबरको बिजुली खेर गएको देखाएको पृष्ठ २ मा



# ‘चालु आवमा ४१ प्रतिशतले राजस्व वृद्धि’

**कृष्णानन्द भट्ट/मध्यान्ह**
काठमाडौं, २५ चैत

अर्थमन्त्री वर्षमान पुनले आगामी आर्थिक वर्षको बजेट समावेशी र वस्तुपरक हुने बताएका छन्। नेपाल व्यवस्थापन संघले आयोजना गरेको प्रि-बजेट छलफल कार्यक्रममा मन्त्री पुनले प्रधानमन्त्रीले गत वर्ष लिएको प्रतिबद्धताअनुसार आगामी वर्षको बजेट समावेशी, पारदर्शी र सहभागितामूलक हुने बताए।

बजेट समावेशी, पारदर्शी र सहभागितामूलक बनाउन सरकारले ३ महिना पहिले बजेट विनियोजनको सिद्धान्तमाथि संसदमा छलफल गरेर आवश्यक सुझाव लिएको उनले बताए। अर्थमन्त्री पुनले चालु आर्थिक वर्षमा



४१ प्रतिशतको राजस्व वृद्धि भएर ४१ प्रतिशतको लक्ष्य निर्धारण गरेको बताए।

उनले राजस्व कार्यालयहरुले राजस्व संकलनको लक्ष्यअनुरुप अघि बढ्दा निजी क्षेत्रमा दबाब परेकाले त्यसमा सुधार गर्ने बताए। वार्षिकरूपमा राजस्व २० देखि २५ प्रतिशत वृद्धि गर्न सके राम्रो हुने बताउँदै उनले वैदेशिक सहायताको हिसाब मिलाउनुपर्ने बाध्यता त्यतिकै रहेको र सरकारको नीति तथा कार्यक्रमसँग नबाझिने गरी अघि बढाइने बताए। नीति तथा कार्यक्रमलाई एकीकृत ढंगले लैजान नसक्दा विभिन्न टिप्पणी हुने र यसलाई यो वर्ष सच्याउने प्रयास भएको उनले बताए।

अर्थमन्त्री पुनले आगामी आर्थिक वर्षका लागि १८ खर्बको बजेट सिलिङ अपुग रहेको बताए। गत वर्षको भन्दा यस वर्ष सरकारको ऋण तथा सावाँ भुक्तानी गर्ने दायित्व १ खर्ब ४ अर्बले बढेकाले १८ खर्बको बजेट सिलिङ अपुग देखिएको उनको ठम्याइ थियो।

अर्थमन्त्री पुनले नीतिगत सुधार गरेर लगानी र वातावरणमैत्री बनाउने प्रयास भइरहेकोले तेस्रो लगानी सम्मेलन गर्न लागइएको बताउँदै त्यसमा आएका प्रतिबद्धताले पनि ग्यापलाई पूरा गर्ने बताए। उनले आमामी वर्षको बजेट महिला केन्द्रित बनाउन आवश्यक देखिएको बताए।

# विश्वकर्माले सार्वजनिक गरिन् आफ्ना कार्यकालका उपलब्धि

**सुर्खेत/मस–** कर्णाली प्रदेशकी जलस्रोत तथा ऊर्जा विकास मन्त्री उर्मिला विश्वकर्माले आफूले गरेका उपलब्धि सार्वजनिक गरेकी छन्। २०७९ माघ ११ गते राज्यमन्त्रीमा नियुक्त विश्वकर्मा २०८० बैशाख ७ गते मन्त्री भएर मन्त्रालयको जिम्मेवारी सम्हालेकी थिइन्। मन्त्री हुँदा ११ महिना २० दिन तथा राज्यमन्त्री भएको बेला गरेका उपलब्धिहरू उनले सार्वजनिक गरेकी हुन्।



मन्त्री पदमा पदभार ग्रहण गरेकै दिन गत वैशाख ७ गते मन्त्रालय र प्रोष्टष्ट प्रोजेक्टबीच मन्त्रालयसँग सफ्टवेयर र हार्डवेयरका क्षेत्रमा काम गर्ने गरी सम्झौता भएको उनले बताएकी छन्। यस्तै उनले उर्जा विकाससम्बन्धी कार्यलाई थप प्रभावकारी बनाउन प्रदेशस्तरमा कम्तिमा एउटा उर्जा विकास तथा व्यवस्थापना कार्यालय स्थापना गर्ने नीतिगत निर्णय भएको उल्लेख गरेकी छन्। मन्त्रालय लगायतमातहतका निकायहरूसमेतको गरी कूल जम्मा ३ अर्ब ५३ करोड ९७ लाख बजेट विनियोजना भएकोमा दोस्रो चौमासिकको अन्त्य सम्ममा कूल जम्मा रू. ६७ करोड ३६ लाख खर्च भइ १९.०३ प्रतिशत वित्तिय प्रगती हासिल भएता पनि अधिकांश योजनाहरू सम्झौता भइ निर्माण कार्यले तीव्रता लइरहेको र भुक्तानी हुन बाँकी रहेकोले भौतिक प्रगति करिब ४० प्रतिशत रहेको उनले बताएकी छन्।

# सडक विस्तारसँगै हराउँदै परम्परा झल्काउने घरहरु

**ओबराज शाही/मध्यान्ह**
हुम्ला, २५ चैत

हुम्ला जिल्लामा पछिल्लो समय कर्णाली कोरिडोरले छोएलगत्तै विकास र आर्थिक उन्नतिमा राम्रो प्रभाव पारेको छ । तर विकास निर्माणसँगै परम्परा झल्काउने पुराना घरहरूको स्वरुप परिवर्तन गरेर रैथाने माटोले छाएका घरहरु हराउँदै गएको देखिन्छ। विकास र प्रविधि भित्रिएलगत्तै परम्परागतरूपमा बनेका घर मात्र नभएर मठमन्दिर पनि हराउन थालेका छन्।

कलात्मक रूपबाट ढुंगा, माटो र काठबाट बनेका घरहरुमा अहिले सिमेन्ट लगाउने, छाना हटाएर जस्तापाता लगाउँदा रैथाने घर परिवर्तन भका छन्। त्यो मात्र नभएर पर्यटन क्षेत्र पनि घटेको देखिन्छ। पुरानो स्वरुपबाट बनेका



घर पुरै विस्थापित हुँदा बस्तीको आकर्षण नै हराएको पाइन्छ। ढुंगाले बनेका घर, माटोले छाएको छाना, कमेरो माटोले लिपपोत गरेका घरका पर्खाल, काठले बनाएका झ्यल, ढोका विस्थापित हुँदा रैथाने बस्तु लोप भएको खार्पुनाथ गाउँपालिका वडा नं. ५ का हरिभक्त शाहीले बताए।

शाहीले पुरानो स्वरुपको घर आकर्षक हुने, मानिसका लागि मात्र नभएर पशु चौपायाका लागि उपयुक्त हुने, पर्यटनको आकर्षक परम्परागत चाड पर्वमा नाचगान पनि छतमा हुने भएकाले उहिले जस्तापाताको छानमा रमाइलो गर्न नपाइने हुँदा घरसँगै संस्कृति पनि लोप भएको उनले बताए।

जिल्लाका सात वटै गाउँपालिकामा काठले छाएका घरहरू हराउँदै जान थालेका छन्। जिल्लाका तल्लो क्षेत्र सर्केगाड, चंखेली, अदानचुली र ताजाकोट गाउँपालिकामा पहरा, धानको नारे र माटोबाट छाएका छाना हुन्थ्यो। पुराना परम्परामा बनेका घरमा हस्तकलाको प्रयोग गरिएको झ्यालढोकाका बनावट र सजावट निकै लोभलाग्दा देखिन्थ्यो। परम्परागत स्वरुपका घर र संस्कृतिक बचाउन स्थानीय सरकारले संरक्षणमा कुनै चासो देखाएको छैन। सरकारले रैथाने बस्तुको महत्व नबुझेका कारण बस्तीको पहिचान गुमेको स्थानीयहरुले बताएका छन्।

स्थानीय सरकारको नेतृत्व फेसनेबल भएका कारण परम्परा, संस्कृति, रीतिरिवाज हराउँदै गएको सिमकोट वडा नं. ७ का बृद्ध चन्द्र रुप शाहीले बताए। पुर्खाले संरक्षण गरेर राखेका सबै रैथाने सम्पदा अहिलेको आधुनिक संस्कृति र विकासले गुमेको उनको भनाइ छ।

**जवाफ....**
हिनामिनामा गृहमन्त्री लामिछाने संलग्न रहेको भन्दै कांग्रेसले गत फागुन २४ गतेदेखि संसदमा प्रश्न उठाइरहेको छ। प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले गृहमन्त्री लामिछाने सहकारीको रकम हिनामिनामा संलग्न नरहेको प्रहरी ब्रिफिङ रहेको जवाफ दिएपछि कांग्रेसले संसदीय छानबिन समितिको माग गर्दै आएको छ।

संसदीय छानबिन समितिलाई बटमलाइन बनाएको कांग्रेस गृहमन्त्रीलाई रोष्ट्रममा सुन्न तयार छैन। यसअघि यही चैत दुई गते गृहमन्त्री लामिछानेलाई सभामुखले राजनीतिक दल सम्बन्धी ऐनको संशोधन विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न समय दिए लगत्तै कांग्रेस सांसदहरुले वेल घेराउ गर्दै नाराबाजी गरेका थिए।

चैत २१ गते पनि गृहमन्त्री लामिछाने प्रतिनिधिसभाको रोष्ट्रम पुग्ने कार्यसूची तय भएको थियो। प्रतिनिधि सभामा आकस्मिक, शून्य र विशेष समयमा उठेका प्रश्नहरुको जवाफ दिने तयारी गरेर संसद भवन पुगेका लामिछानेले रोकिनु परेको थियो।

सभामुख घिमिरेले पनि गृहमन्त्री लामिछाने सहित उपप्रधान तथा परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठ र शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सुमना श्रेष्ठलाई बोल्न दिनेगरी कार्यसूची तय गरेका थिए। तर यो कार्यसूची सभामुखले तय गरेको थाहा पाए लगत्तै कांग्रेसले आपत्ति जनायो।

कांग्रेसको आपत्तिपछि सत्तारुढ दलका सांसदहरुले मनाउने पर्यास गरे। नसकेपछि सभामुख घिमिरेले नै गृहमन्त्रीले मागेको समय आफूले उपलब्ध नगराउने प्रतिवद्धता जनाएपछि त्यसदिनको बैठक अगाडि बढेको थियो।

त्यसपछि बसेको प्रतिनिधि सभाको बैठकमा कांग्रेसका महामन्त्री समेत रहेका प्रतिनिधि सभा सदस्य विश्व प्रकाश शर्माले यही चैत २७ गतेसम्म लामिछानेमाथि छानबिन समिति गठन गर्न सरकारलाई अल्टिमेटम दिए। अन्यथा, प्रतिनिधि सभाको बैठक चल्न नदिने उनको चेतावनी छ।

**सत्ताका...**
संकेत गरेका छन्। यस्तो अवस्थामा मुख्यमन्त्रीले विश्वासको मत लिँदा उनको पक्षमा माओवादी र एमालेको तर्फबाट २८ मत मात्रै खस्न सक्छ। सभामुखले राजीनामा दिएर अर्को पार्टीको जेष्ठ सदस्य भएर सभा संचालन भए २९ सांसद पुग्छ। अर्को स्वतन्त्र सांसद दिपक मनाङे सरकारमै सहभागी भएकाले उनको मत जोड्दा ३० मत पुग्छ।

यसकारण नयाँ सरकारले विश्वासको मत पाउन फणिन्द्र देवकोटाको मत अनिवार्य आवश्यक छ। राप्रपाका दुई जना सांसद छन उनीहरुले मत दिए पनि पुग्छ। तर राप्रपाले एमाले नेतृत्वको नयाँ गठबन्धनलाई समर्थन नगर्ने औपचारिक निर्णय नै लिएको छ। नयाँ सत्ता गठबन्धनमा समस्या भए सबैभन्दा ठूलो दलको हैसियतमा सरकार बनाउने कांग्रेसको तयारी छ। गण्डकी प्रदेशमा कांग्रेसका २७ सांसद छन्।

**कतारमा...**
सिंहदरबारमा भएको भेटवार्तामा उपप्रधान तथा परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठलाई श्रमिक डेस्क स्थापनाका लागि माग राख्दै श्रमिकहरूको हितमा काम गर्न आग्रह गरेको हो। ‘हामीले एनसीसीको निर्वाचनमा गरेका प्रतिबद्धता पूरा गर्न परराष्ट्रमन्त्रीसमक्ष श्रमिक डेस्क राख्नका लागि माग राखेका हौं,’ मध्यान्हसँग कुरा गर्दै भट्टले भने। एनआरएनएको मागप्रति परराष्ट्रमन्त्री सकारात्मक भएको बताउँदै भट्टले श्रमिकको अधिकारका लागि नेपाल सरकारको सदैव प्राथमिकता रहेको मन्त्रीको भनाइ रहेको बताए।

एनआरएनए कतारले सामाजिक कार्यका साथै कतारमा रहेका नेपालीहरूको सहयोगका लागि कतार र नेपाल सरकारसँग समन्वय गरिरहेको छ। एनआरएनए कतारले भर्खरै कतार च्यारिटीसँग छलफल गरी नेपालका लागि छुट्टै च्यारिटी बक्स राख्नका लागि गृहकार्य थालेको छ भने आगामी दिनमा समस्यामा परेका नेपालीका लागि सहयोगका लागि फण्डको अभाव हुन नदिने गरी काम गरिरहेको छ।

परराष्ट्रमन्त्री श्रेष्ठलाई भेट्नका लागि अध्यक्ष भट्टसहित कतारमा कार्यरत प्रवासी नेपाली मञ्च, अन्तर र्‍ाष्ट्रिय कमिटीका उपमहासचिव चानक पोखरेल, व्यवसायी शंकर प्रसाद न्यौपाने पुगेका थिए।

**एक...**
कर्मचारीहरूको अथक मिहिनेत लागेको भन्दै आगामी दिनमा पनि निरन्तरता दिन कर्मचारीले उत्तिकै मिहिनेत गर्नुपर्ने बताए।

एक घण्टामा नै श्रम स्वीकृति प्रदान गर्नका लागि वैदेशिक रोजगार कार्यालयले वैदेशिक रोजगार व्यवस्थापन सेवा प्रवाह कार्यविधि २०७९ संशोधन गरी एकै तहबाट श्रम स्वीकृति दिने व्यवस्था गरिएको छ। यसअघिको व्यवस्थाअनुसार एउटा तहले कागजपत्र प्रमाणीकरण गर्ने र अर्को तहले स्वीकृति गर्ने व्यवस्था थियो। हालको प्रक्रियाले श्रम स्वीकृतिको कामलाई निक्कै नै सहज बनाएको श्रममन्त्री अर्यालले दाबी गरे। हाल दैनिक औसत १ हजार ६ सय जनालाई श्रम स्वीकृति प्रदान गर्ने गरिएको छ।

श्रममन्त्री अर्यालले दोस्रो पटक मन्त्रालयमा पदभार ग्रहण गरेसँगै श्रम स्वीकृतिको प्रक्रियालाई एक घण्टामा छोट्याउन फेमिसका सफट्वेयर तथा हार्डवेयरका आपूर्तिकर्ता तथा कर्मचारीलाई निर्देशन दिएका थिए। मिटरब्याजमा ऋण लिएर वैदेशिक रोजगारीमा जानका लागि श्रम स्वीकृति लिन आउने श्रमिकलाई तीन-चार दिन लगाएर अल्झाउने कार्य आफूलाई कुनै पनि हालतमा स्वीकार्य नहुने भन्दै उनले हाफ पाइन्ट, टिसर्ट र चप्पल लगाएर आउने श्रमिक कुनै पनि बहानामा ठगिनु नहुनेमा आफ्नो विशेष सरोकार रहेको बताए।

वैदेशिक रोजगारमा जानेले आफ्नै मोबाइल वा कम्पप्युटरबाट अनलाइन आवेदन दिए श्रम स्वीकृति पनि अनलाइनबाट नै प्राप्त गर्न सक्ने र यसका लागि कुनै शुल्क पनि नलाग्ने, श्रमिकले कार्यालय धाइरहनु नपर्ने मन्त्री अर्यालले बताए। उनले भने, ‘सक्नुहुन्छ भने आफ्नै मोबाइल वा कम्प्युटरबाट आवेदन दिनुहोस्। आवेदन दिने सबै प्रक्रियाको जानकारी विभागको वेबसाइटमा राखिएको छ।’

विभागले प्रयोगमा ल्याएको वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेमिस)मा छिटोछिटो समस्या देखिने गरेको छ। मन्त्री अर्यालले फेमिस सफ्टवेयर परामर्शदाताका एक जना प्राविधिकलाई विभागमा डेडिकेटेडरुपमा राखिएको र अन्य कर्मचारीहरुलाई दुई वटा सिफ्टमा परिचालन गरिएकाले तोकिएको समयमा श्रम स्वीकृति दिन कुनै समस्या नरहेको बताए।

हाल सार्वजनिक बिदा र शनिबारको दिनमा पनि कर्मचारीलाई परिचालन गरिएको छ। अन्य दिन बिहान ७ देखि बेलुका ९ बजेसम्म गरी कर्मचारीले दुई सिफ्टमा काम गर्दै आएका छन्। मन्त्री अर्यालले सुधारका माध्यमबाट आगामी दिनमा कार्यलय समयमा मात्रै कर्मचारीले एकै सिफ्टमा काम गर्ने गरी सुधार गरिने पनि बताए।

कार्यालयले अहिले कर्मचारीलाई प्रत्येक दिन श्रम स्वीकृतिका लागि निश्चित कोटा तोकेर जिम्मेवारी दिएको छ। काठमाडौं कार्यालय ताहाचलबाहेक ६ वटा प्रदेशबाट पनि नयाँ कम्तिमा ५० वटा र पुनः श्रम स्वीकृतिका लागि एक सय वटा टोकनको व्यवस्था गरिएको कार्यालयले जनाएको छ। पहिले कार्यालयले चाहेजति मात्र टोकन पाउने व्यवस्था थियो।

**प्रसारण...**
थियो। उत्पादकहरू भने नेपाल सरकारले बिजुली बिक्रीका लागि भारतसँग समन्वय गर्न नसकेको बताउँछ। उर्जा उत्पादक ज्ञानेन्द्रलाल प्रधान भन्छन्, ‘भारतबाट हामीले जति पनि आयात गर्ने, तर बेच्न नमिल्ने कुरा त हुँदैन नि। यो हाम्रो सरकारको समस्या हो।’

हाल कुल ६ हजार सर्किट किमी प्रसारण एवं करिब नौ हजार एमभिए बराबर सबस्टेशनको क्षमता पुगेको छ। यसैगरी १३२ केभी र २२० केभी क्षमताका मात्रै प्रसारण लाइन निर्माण भइरहेका छन्। तर अब बन्ने प्रसारण प्रणाली भने ४०० केभी देखि ६६५ केभीका हुने छन्।

सरकारले सन् २०४० सम्म करीब ४० हजार मेगावाट विद्युत उत्पादन गर्ने लक्ष्य राख्दै आन्तरिक खपत २० हजार मेगावाट पुग्ने अनुमान गरेको छ। गुरुयोजना अनुसार करीब आठ हजार किलोमिटर प्रसारण लाइन निर्माण गरिनेछ। त्यसमा २२० केभी क्षमताका दुई हजार १०० किलोमिटर प्रसारण लाइन निर्माण हुनेछ। यस्तै ४०० केभीका पाँच हजार ८०० किलोमिटर लाइन विस्तार गरिनेछ। सो भन्दा बढी क्षमताका आवश्यक प्रणाली निर्माण गरिनेछ। यस्तै सन् २०४० सम्म ४२ वटा ४०० केभी, ३८ वटा २२० केभी क्षमताका प्रसारण प्रणाली जोड्ने आधार स्टेशन समेत निर्माण गरिने योजनामा उल्लेख छ।

## देवानगञ्ज गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**देवानगञ्ज, सुनसरी**
**कोशी प्रदेश, नेपाल**

### गाउँपालिकाको जनहितमा जारी सन्देश

**समयमै सचेत बनौं, आगलागी हुनबाट बचौं ।**

*गर्मी मौसम शुरु भएसँगै आगलागीका घटना बढ्न सक्छन् । हाम्रो आफ्नै लापरबाहीका कारण आगलागीका घटना धेरै हुने गरेका छन् । त्यसैले समयमै सचेत बनौं, आगलागी हुनबाट बचौं ।*

**आगलागी रोकथामका उपाय**

- केटाकेटीले भेट्न सक्ने ठाउँमा सलाई, लाइटरजस्ता सामग्री नराख्नुहोस् ।
- भान्सामा खाना बनाउँदा ग्याँस वा आगो बल्ने अवधिभरि भान्सा छाडेर टाढा नजानुहोस् ।
- यथासम्भव ग्याँस सिलिण्डरलाई भान्सा कोठाभन्दा बाहिर नै राख्नुहोस् ।
- सिलिण्डरको पाइप, सिलिण्डर समय-समयमा जाँच गर्नुहोस्, कुनै खराबी वा टुटफुट पाउनु भएमा तुरुन्त मर्मत गराउन लगाउनुहोस् ।
- खाना बनाइसकेपछि ग्याँसको रेगुलेटर बन्द गर्ने तथा समय-समयमा ग्याँस सिलिण्डर र पाइपको सरसफाइ गर्नुहोस् ।
- ग्याँस सिलिण्डर घर ल्याउनुअघि सिल नभएको, तौल कमजस्तो लाग्ने, धेरै गन्हाउने (लिक भएको शंकास्पद) सिलिण्डर नल्याउनुहोस् ।

**आगलागी भइहालेमा के गर्ने ?**

- कुनै आगलागीको घटना भएमा तत्काल छेउछाउमा रहेका अन्य व्यक्तिलाई पनि खबर गर्नुहोस् र नियन्त्रणमा सहयोगका लागि आग्रह गर्नुहोस् ।
- आगलागी कसरी भएको जान्ने प्रयास गर्नुहोस् (विद्युतीय वा अन्य आगो) ।
- आगोको आकारमा विचार पुर्‍याउनुहोस्, आगो फैलन सक्ने र आगो नियन्त्रणमा आउने सम्भावना छैन भने तत्काल वारुणयन्त्रलाई खबर गर्नुहोस् ।
- विद्युतबाट आगो लागेको शंका लागेमा घरमा रहेको मेनस्विच तत्काल बन्द गर्नुहोस् ।
- विद्युतीयबाहेक अन्य सामान्य सानो आगलागी छ भने पानीको सहायताले निभाउने प्रयास गर्नुहोस् ।
- आगो कोठाभित्र लागेको छ र नियन्त्रण गर्न सम्भव छैन भने कोठाको ढोका बन्द गरिदिनुहोस् । यसले आगोलाई सहजरूपमा फैलन दिँदैन ।

## पञ्चपुरी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**बाबियाचौर, सुर्खेत**
**कर्णाली प्रदेश, नेपाल**

### सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना

**सूचना प्रकाशित मितिः– २०८०/१२/२६**

प्रस्तुत विषयमा यस नगरपालिकाको आ.ब. २०८०/०८१ अन्तर्गत तपसिल बमोजिम सिलबन्दी दरभाउपत्र आह्वान गरिएको हुदाँ सिलबन्दी दरभाउपत्र आह्वानको सूचना नगरपालिको Website, https://panchapurimun.gov.np/ र https://www.bolpatra.gov.np/egp/ मा रहेको सूचना बमोजिम रहेको सम्बन्धित सरोकारवालाहरुमा अनुरोध छ ।

**तपसिल**

| S. No. | Contract Identification No | Description of Work | Estimated Amount (NRS.) [Includive of VAT] | Bid Security Amount (NRs.) | Bid Security Validity Period | Cost of Bid Document (NRs.) | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | PMO/SKT/ NCB/GOODS /080/081-16(re) | Procurement of Medicines And Medical Equipement (Including Vat) | 30,00,128 | 75,000 | 90 Days | 3000 | |

**प्रमुख प्रशासकिय अधिकृत**

## लक्ष्मीपुर पतारी गाँउपालिका
## गाँउ कार्यपालिकाको कार्यालय
**महेशपुर पतारी, सिराहा**
**मधेश प्रदेश, नेपाल**

### बोलपत्र स्विकृत गर्ने आशयको सूचना ।

**(प्रकाशित मिति : २०८०/१२/२६)**

लक्ष्मीपुर पतारी गाँउपालिकाको मिति २०८०/११/०३ को मध्यान्ह दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार तपसिलका निर्माण कार्यहरुको लागि पेश भएका Online E-Bidding मध्ये देहायका बोलपत्रहरु न्युनतम मूल्यांकित र सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उप दफा (२)र (३) तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ संम्बन्धित सबैको जानकारीको लागि यो बोलपत्र स्वीकृत गर्ने आशयको ७ (सात) दिने सूचना प्रकाशन गरिएको छ ।

**तपशिल**

| ठेक्का नं. | योजनाको विवरण | छनौट भएको फर्मको नाम | ठेगाना | कबोल अंक (रु.Vat बाहेक) |
|---|---|---|---|---|
| NCB-01-2080/81 | Construction Of Ja.Na.La.Ma.Vi. Laxmipur Patari ko Bhawan Nirman. | DRM-Sagarmatha-Baba JV | Sukhipur-08 | 75,35,331.22/- |

**दुखि कापर**
**प्रमुख प्रशासकीय अधिकृत**

# २५ हजारको चेकलाई ६ लाख २५ हजार बनाएर चेक बाउन्स गरेपछि...

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २५ चैत

रौतहटमा एक जनाले २५ हजार रुपैयाँको मात्र दिएको चेकमा ६ लाख रुपैयाँ थप गरेर चेक बाउन्स गराएको घटना बाहिरिएको छ । २५ हजार रुपैयाँमात्र उल्लेख गरी दिएको चेकमा ६ लाख थप गरेर ६ लाख २५ हजार रुपैयाँ उल्लेख गर्दै चेक बाउन्स गराएपछि चेक दिने व्यक्ति यतिबेला ठूलो समस्यामा परेका छन् ।

गढीमाई नगरपालिका-४ सुन्दरपुर घर भइ हाल चन्द्रपुर नगरपालिका-४ मा बस्ने सरोज कुमार साहले सोही गाउँ सुन्दरपुर नै घर भइ चन्द्रपुर नगरपालिका-५ हस्पिटल रोड बस्दै आएका विजय यादवलाई २५ हजार रुपैयाँ उल्लेख गरी चेक दिएका थिए । तर यादवले चलाखी गर्दै सो चेकमा आफैंले ६ लाख थपेर ६ लाख २५ हजार रुपैयाँको चेक बनाएर चेक बाउन्स गरेको



पाइएको हो । चेकमा उल्लेख गरिएको २५ हजार रकमको अगाडि केही ठाउँ खाली छुटेकाले सोही ठाउँमा यादवले ६ लाख थपेको बताइएको छ । साहले यादवसँग जग्गा कारोबार गर्दा यादवको २५ हजार रुपैयाँ तिर्न बाँकी राखेका थिए । सोही रकम तिर्न साहले यादवलाई २५ हजार रुपैयाँको चेक दिएका थिए ।

२०८० साल चैत १६ गते रकम निकाल्न मिल्ने गरी कामना सेवा विकास बैंकको चेक दिइएपनि यादवले ग्लोबल आइएमइ बैंकबाट क्लियरेन्स गराउने भन्दै दुई पटक चेक बाउन्स गराएका थिए । यादवलाई आफूले २५ हजारको मात्र चेक दिएको, तर उनले ६ लाख थपेर ६ लाख २५ हजार उल्लेख गरेर आफूमाथि ठूलो घात गरेको भन्दै साहले यादवविरुद्ध इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरमा जाहेरी दिएका छन् । यादवले ठगी गर्ने नियतका साथ चेकमा रकम थपेको साहको आरोप छ । यता ठगीको गम्भीर आरोप लागेका यादवले भने आफूले रकम नथपेको बताएका छन् ।

अंक र अक्षरेपी लेखिएको ठाउँमा रकम उल्लेख गर्दा अगाडिको थोरै पनि भाग नछुटाइ रकम उल्लेख गर्नु जरुरी रहेको जानकारहरु बताउँछन् । यसले गर्दा चेकमा कसैले रकम थप्न पाउँदैनन् भने ठगीबाट जोगिन सकिने जानकारहरुको भनाइ छ ।

# महेश बस्नेतविरुद्ध जबरजस्ती करणीको जाहेरी

**काठमाडौं/मस–** नेकपा एमालेका नेता एवम् पूर्वमन्त्री महेश बस्नेतविरुद्ध फौजदारी कसुरको जाहेरी दर्ता भएको छ । मुलुकी अपराध संहिता-२०७४ अनुसार उनीविरुद्ध प्रहरीमा फौजदारी कसुरमा जाहेरी दर्ता भएको हो ।

बस्नेतलाई एक युवतीले भ्रुण हत्या, बलात्कारको मुद्दामा प्रतिवादी बनाएर जिल्ला प्रहरी परिसर काठमाडौंमा हुलाकमार्फत जाहेरी दिएकी हुन् । उजुरी गर्ने युवतीले बस्नेतले दुई पटक बलात्कार गरेको आरोप लगाएकी छन् ।



पीडित युवतीले दिएको जाहेरीमा काठमाडौं महानगरपालिका-१० बबरमहलस्थित सनसाईन अपार्टमेन्ट र भारतको गुणगाउँस्थित तुलसी हेल्थकेयर अस्पतालमा बलात्कार गरेको जाहेरीमा उल्लेख गरेकी छन् ।

यस्तै बस्नेतमाथि २ महिना १५ दिनको भ्रुण हत्याको आरोप समेत लगाइएको छ । जाहेरीकर्ता युवतीले औषधी खुवाएर र अप्रेसन गरेर दुई पटक भ्रुण हत्या गरेको पीडितले आरोप लगाएकी छन् । युवतीको जाहेरी परेसँगै काठमाडौं प्रहरीले प्रारम्भिक अनुसन्धान शुरु गरेको जनाएको छ ।

# बोक्सी भन्दै कुटपिट गरिएको आरोप

**पिन्टु यादव/मध्यान्ह**
सप्तरी, २५ चैत

समाज अहिलेसम्म अन्धविश्वासबाट मुक्त हुन सकेको छैन । धामीझाँक्री, टुनामुना, तन्त्रमन्त्र, झारफुक र बोक्सा बोक्सीजस्ता अन्धविश्वासले अमानवीय क्रियाकलाप भइरहेका घटनाहरु सार्वजनिक भइरहेका छन् । यसैबीच सप्तरीमा एक परिवार अन्धविश्वासको शिकार भएका छन् ।

जिल्लाको तिलाठी कोईलाडी गाउँपालिका-७ मंसापुर बस्ने ६० वर्षीया श्यामादेवी मण्डललाई बोक्सीको लाञ्छना लागउँदै अपमानजनक व्यवहारका साथै कुटपिट भएको छ । सोही ठाउँ बस्ने जिबछ मण्डलका छोरा सन्तोष मण्डललगायत उनका पारिवारका सदस्यहरुले श्यामादेवीमाथि बोक्सीको लाञ्छना लगाउँदै उनीसहित उनका ३० वर्षीय छोरा डम्बरराज मण्डलमाथि हातपात र गाली बेइज्जती गरेका हुन् ।

हातपात गर्नेहरुको मुक्का प्रहारबाट घाइते आमा र छोराको राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा उपचार भइरहेको छ । मिथिला क्षेत्रमा मनाइने जितीया पर्वको बेला मेला घुम्न गएकी आरोपित जिबछकी बुहारीलाई बोक्सी लगाइदिएको आरोप लगाउँदै शनिबार बिहान आफूहरुमाथि मुक्कामुक्की र गाली बेइज्जती भएको पीडित श्यामादेवीले बताइन् ।

जितिया पर्वदेखि नै बोक्सी लगाएको आरोप लगाएर आमालाई राखी पटक-पटक प्रताडित र अपमानित गरिरहेको भएता पनि शनिबार



उनीहरुले भौतिकरुपमै आक्रमण गरेको डम्बरराजले बताए । किराना समान खरिद गर्न पसल जाँदै गरेको बेलामा आरोपितहरुले घेरा हाली आमाको बारेमा अपमानजनक शब्दहरु प्रयोग गरेपछि प्रतिवाद गर्दा उनीहरुमाथि हातपात भएको बताइएको छ ।

करिब दश वर्षदेखि आमा श्यामादेवीमाथि बोक्सी भनि छिमेकीहरुले आरोप लगाउँदै आएको डम्बरराजले गुनासो गरेका छन् । यस घटनाबारे स्थानीयहरुसँग बुझ्दा हातपात र गाली बेइज्जतीमात्रै भएको बताएका छन् । स्थानीयहरुले बोक्सीको आरोप लगाइएको भन्ने आरोपमा सत्यता नरहेको बताएका छन् । तर डम्बरराजले बोक्सीको आरोपमा आमासहित आफूलाई हातपात र अपमानजनक व्यवहार गर्दै मुक्का प्रहार गरेको भिडियो सुरक्षित राखेको बताएका छन् ।

उक्त घटनालगत्तै प्रहरी चौकी बर्साइनमा मौखिक जानकारी दिएको उनले बताए । त्यस्तै शनिबार जिल्ला प्रहरी कार्यालय राजविराजमा घाउँ जाँच फारमका लागि निवेदन दिएको पनि उनले बताए । उक्त निवेदनमा भने बोक्सीको आरोप लगाइएको उल्लेख गरिएको छैन ।

जिल्ला प्रहरी कार्यालय राजविराजका प्रहरी निरीक्षक प्रमोद खड्काका अनुसार प्रहरीमा बोक्सी आरोपमा हातपात भनेर सूचना नआएको बताएका छन् । उनले दुई पक्षबीच हातपात र झैझगडा भनेर पीडितको निवेदन आएको बताए ।

नेपालमा बोक्सीको आरोपसम्बन्धी कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐनमा कुनै व्यक्तिलाई बोक्सा वा बोक्सीको आरोप लगाउने, आरोपित व्यक्तिलाई क्रुर, अमानवीय वा अपमानजनक व्यवहार गर्ने वा कुनै किसिमले यातना दिनेजस्ता अमानवीय कार्यलाई दण्डनीय मानेको छ । त्यस्तो आरोपमा कसुर ठहरिएका व्यक्तिलाई कसुरको मात्रा हेरी ६ महिनादेखी पाँच वर्षसम्म कैद सजाय हुने व्यवस्था गरिएको छ भने पाँच हजारदेखि एक लाखसम्म जरिवाना तिराउने व्यवस्था रहेको छ ।

# 'प्रशिक्षणले मात्रै पार्टीको संगठन मजबुत हुन्छ'



**सरु भुसाल/मध्यान्ह**
पाल्पा, २५ चैत

नेपाली कांग्रेस लुम्बिनी प्रदेश प्रशिक्षण विभागको नियमित बैठक पाल्पाको रानीघाटमा सम्पन्न भएको छ । प्रदेश प्रशिक्षण विभागको नियमित बैठकअन्तर्गत पाल्पामा चौथो बैठक राखिएको प्रशिक्षण विभागले जनाएको छ । बैठकमा प्रशिक्षण विभागाका सभापति तथा नेपाली कांग्रेस लुम्बिनी प्रदेशका उपसभापति भूवनप्रसाद श्रेष्ठले प्रदेशका १ सय ९ स्थानीय तहमै प्रशिक्षणलाई प्रभावकारी बनाउने गरी विभाग अगाडि बढेको बताए । उनले प्रशिक्षणले मात्रै पार्टीको संगठन मजबुत हुने भन्दै प्रशिक्षण कार्यक्रमलाई अगाडि बढाइएको बताए ।

उपसभापति श्रेष्ठले नेपाली कांग्रेसका अगुवा कार्यकर्तालाई प्रशिक्षित नगर्दासम्म पार्टी बलियो हुन नसक्ने धारणा व्यक्त गरे । उनले भने, 'प्रशिक्षणमार्फत नीति, सिद्धान्त र विचारलाई परिस्कृत गर्दै अगाडि बढ्ने सोचलाई व्यवहारिक बनाउने हो भने देशव्यापीरुपमा पार्टी मजबुद बन्छ ।' कांग्रेस पाल्पाका निवर्तमान सभापति तथा प्रदेश सांसद वीरबहादुर रानाले बैठकले पार्टीलाई थप चलायमान बनाएर लैजाने मात्र नभइ प्रेमको प्रतिक रानीमहल र पवित्र कालीगण्डकी नदीका आसपासमा भएको बैठकले प्रदेशका १२ वटै जिल्लामा आन्तरिक पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण टेवा पुग्ने विश्वास व्यक्त गरे । उनले राजनीति र नेताहरुप्रति नकारात्मक अवधारणा फैलिएका बेला प्रशिक्षणबाटै पार्टी संगठनलाई मजबुत बनाउन सकिने बताए । सांसद रानाले राजनीति समर्पण र त्याग पनि हो भन्ने भावनालाई आमकार्यकर्ता र अगुवा नेताहरुबीच लैजान पनि प्रशिक्षण कार्यक्रम प्रभावकारी बन्न सक्ने उल्लेख गरे । बैठकमा नेपाली कांग्रेस पाल्पाका सभापति हिमालदत्त श्रेष्ठले प्रशिक्षण कार्यक्रमलाई तडकभडक भन्दा पनि कम खर्चमा धेरै उपलब्धिमूलक बनाउनुपर्ने बताए ।

बैठकमा कांग्रेस जिल्ला उपभापति तथा प्रशिक्षण शाखाका सभापति झपेन्द्र गहिरेको संयोजकत्वमा प्रशिक्षण शैली पुस्तिका प्रकाशन समिति गठन गरिएको छ । प्रदेशको प्रशिक्षण विभागको तर्फबाट जारी हुने उक्त पुस्तिका प्रकाशनका लागि गहिरेको नेतृत्वमा पाँच सदस्यीय समिति गठन गरिएको हो । समितिको सदस्य सचिवमा प्रशिक्षण विभागका सचिव बालकृष्ण पौडेल, सदस्यहरुमा क्रमश गुल्मीका गुणानीधी शर्मा, दाङका गोविन्द न्यौपाने, रोल्पाका कविता उपाध्याय रहेका छन् ।

बैठकका निर्णय सार्वजनिक गर्दै विभागका सभापति भुवनप्रसाद श्रेष्ठले आगामी वर्ष २०८१ को चैतभित्र प्रदेशभित्रका १ सय ९ स्थानीय तहमा पार्टी प्रशिक्षण सञ्चालन गर्ने, तीन महिनाभित्र प्रशिक्षण शैली पुस्तिका प्रकाशन र अर्को बैठक नवलपरासीमा गर्ने निर्णय गरेको जानकारी दिए ।

# फोहोर जलाउँदा डोल्पाको मष्टाभवानी सामुदायिक वनमा आगलागी

**पुर्ण कुमार/मध्यान्ह**
डोल्पा, २५ चैत

डोल्पामा नेपाली सेनाको सदरमुकाम दुनैस्थित भदाले ब्यारेकको चरम लापरबाहीका कारण सदरमुकामस्थित एक सामुदायिक वनमा भिषण आगलागी भएको छ । ठुलीभेरी नगरपालिका-४ को मष्टाभवानी सामुदायिक वनमा आइतबार मध्याह्न आगलागी भएको हो ।सदरमुकाम दुनैदेखि तिप्ला गाउँसम्म फैलिएको आगोले वनजङ्गल सखाप बनाउँदै गएको छ । नेपाली सेनाले भदाले ब्यारेकभित्र र ब्यारेक बाहिर वरिपरि रहेको फोहोर व्यवस्थापन गर्ने क्रममा आगो बाल्दा हावाले आगोको झिल्का उछेटिएर



पाखामा रहेको खरमा सल्किँदा एक्कासी आगो नियन्त्रण बाहिर गएको डिभिजन वन कार्यालय डोल्पाका प्रमुख मुन रावतले जानकारी दिए ।

रावतले सुख्खा मौसमको बेला बिहान फोहोरजन्य बस्तु जलाउनुपर्नेमा दिउँसोको समयमा आगो बालेर फोहोर जलाउनु सेनामा सुझबुझको कमी भएको बताए । अहिले आगो नियन्त्रणका लागि नेपाली सेना, नेपाल प्रहरी, शसस्त्र प्रहरी बल, सामुदायिक वनका पदाधिकारी, डिभिजन वन कार्यालयका कर्मचारी तथा स्थानीयहरु परिचालन भएका छन् ।

# भिसा अवधि सकिएर पनि नेपाल बसिरहेका १० बंगलादेशी नागरिक पक्राउ



**काठमाडौं/मस–** भिसा अवधि समाप्त भएपछि पनि नेपालमा बसिरहेका १० जना बंगलादेशी नागरिकलाई प्रहरीले पक्राउ गरेको छ । काठमाडौं उपत्यका प्रहरी कार्यालयले सोह्रखुट्टे क्षेत्रबाट १० जनालाई पक्राउ गरेको हो । विभिन्न मितिमा नेपाल प्रवेश गरी गैरकानूनीरुपमा बसोबास गर्नुका साथै शंकास्पद गतिविधिहरूमा संलग्न रहेको सूचनाको आधारमा उनीहरूलाई पक्राउ गरिएको अपराध अनुसन्धान कार्यालयका एसपी तथा प्रवक्ता रवीन्द्र रेग्मीले जानकारी दिए । पक्राउ पर्नेहरुमा अनिसुर रहमान, अबदुल्लाह, इमामुल हुसेन, हाफिजुर रहमान, सोजिब हुसेन, शैफुल इस्लाम, बिल्लाल हुसेन, सलिम, नासिर उड्डिन र एसिन खान छन् । पक्राउ परेका सबैलाई कारबाहीका लागि अध्यागमन विभागमा पठाइएको एसपी रेग्मीले बताए ।

## लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७९/०२/२६ मा दर्ता भएको **प्रा.लि. नं. २९२०००** को **पाँञ्च श्रीसम आयूर्वेद प्रा.लि.** को मिति २०८०/१२/२५ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः चुडामणी भट्ट, इजाजतपत्र नं. ४९०, ठेगाना : काठमाडौं**

## लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७९/०३/०२ मा दर्ता भएको **प्रा.लि. नं. २९२४४६** को **सारथी फार्मेसी सेवा प्रा.लि.** को मिति २०८०/१२/२५ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः चुडामणी भट्ट, इजाजतपत्र नं. ४९०, ठेगाना : काठमाडौं**

**नेपाल सरकार**
**गृह मन्त्रालय**
## जिल्ला प्रशासन कार्यालय
**मन्थली, रामेछाप**

## प्रमाणित गरिएको सम्बन्धमा

**तेस्रो पटक प्रकाशित मितिः– २०८०/१२/२६**

रामेछाप जिल्ला दोरम्बा शैलुङ्ग गाउँपालिका वडा नं. २ (साविक दोरम्बा गा.वि.स. वडा नं. ३) बस्ने चन्द्र बहादुर तामाङ (Regimental No. 9406781) ले आफ्नो एकमात्र श्रीमती विनु तामाङ (ना.प्र.नं. ५३६८) को नेपाली नागरिकताको प्रमाण पत्रमा नाम थर विरु तामाङ (Biru Tamang) र भारतीय पेन्सन पट्टामा नाम थर विनु तामाङनी (Binu Tamangani) भई फरक परेको हुँदा उल्लेखित नामथर भएको व्यक्ति फरक फरक नभई एकै भएको प्रमाणित गरी पाउँ भनी नागरिकताको प्रमाण प्रमाण पत्रको फोटोकपी, पेन्सनपट्टाको फोटोकपी, वडा कार्यालयको सिफारिस समेत संलग्न राखी निवेदन दिएको हुँदा यस सम्बन्धमा दोरम्बा शैलुङ्ग गाउँपालिका २ नं. वडा कार्यालयको च.नं. ११६७, मिति २०८०/१२/१२ गतेको पत्रबाटसमेत उल्लेखित कागजातहरुमा विरु तामाङ (Biru Tamang) र विनु तामाङनी (Binu Tamangani) भई नाम थर फरक परेको व्यक्ती फरक-फरक नभई एकै भएको भनी लेखी आएको हुँदा सोही व्यहोरा प्रमाणित गरिएको छ ।

**प्रमुख जिल्ला अधिकारी**

## बुढीनन्दा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**कोल्टी, बाजुरा**
**सुदुरपश्चिम प्रदेश, नेपाल**

## प्राविधिक प्रस्ताव स्वीकृतिका लागि आशयको पत्र

**प्रकाशित मितिः– २०८०/१२/२६**

यस कार्यालयबाट मिति २०८०-१०-०२ गतेको सुचनाबाट आव्हान गरीएको Janaprakash Building Construction (Bm/ncb/work/04/080/81) को लागि पेश भएका बोलपत्र मध्य तपशिल वमोजिमका वोलपत्र प्रविधिक प्रस्तावमा उतिर्ण भइ स्वीकृतका लागी छनौट भएकाले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ ज को उपनियम ५ र नियम ५९ बमिजिम प्रस्ताव स्वीकृतिको सुचना जारी गरी उक्त वोलपत्रदाताको आर्थिक प्रस्ताव E–Bidding प्रणाली वाट खोलिने भएकाले सबै बोलपत्रदाताहरुको जानकारीको लागी यो सूचना प्रकाशित गतिएको छ ।

**तपशिल**
आर्थिक प्रस्ताव खोल्ने मिति : २०८१/०१/०३
स्थान : बुढीनन्दा नगरपालिका, कोल्टी बाजुरा

| सि.न. | बोलपत्रदाताको नाम | कैफियत |
|---|---|---|
| १ | Indra devi - archi j/v | Technical मुल्यान्कन सफल । |
| २ | Purna nirman sewa | Technical मुल्यान्कन सफल । |

**नि. प्रमुख प्रशासकिय अधिकृत**



## सम्पादकीय

# भिक्षुबाट भयभित सत्ता

राजधानी उपत्यकामा नागरिकले सास्ती खेप्नु परेको भिडियो सामाजिक सञ्जालमा एकपछि अर्को भाइरल हुने गरेको छ । शनिबार त्यस्तै अर्को भिडियो सामाजिक सञ्जालमा राखेर नेपाल प्रहरीको चर्को विरोध भइरहेको छ । भिडियोमा देखिए अनुसार बौद्ध भिक्षुमाथि प्रहरीले दुर्व्यवहार गरेका छन् । बाटोमा हिँडिरहेको ती भिक्षुलाई प्रहरीको समूहले खेद्नेसँगै कुटपिट गरेका छन् । शनिबार राजेन्द्र महतो नेतृत्वको समूहले राजधानीमा प्रदर्शन गरेको थियो । उक्त समूहको प्रदर्शनमाथि हस्तक्षेप गर्ने क्रममा प्रहरीले ती भिक्षुमाथि पनि कुटपिट गरे । कुटपिटको भिडियोले नेपाल प्रहरीप्रति आम नागरिकको धारणा नकारात्मक बन्न पुगेको छ । प्रहरीले प्रदर्शनकारी र भिक्षुमाथि हस्तक्षेप गर्नुमा भने सरकारको नीति कारण हो । सरकारले राजधानी उपत्यकाका प्रमुख स्थानहरूमा निषेधाज्ञा जारी गरेको छ । उक्त क्षेत्र परिसरमा प्रदर्शन हुँदा प्रहरीले हस्तक्षेप गर्दै आएको छ ।

गत ५ मंसिरदेखि स्थानीय प्रशासनले माइतीघरदेखि नयाँ बानेश्वर हुँदै सिंहदरबार परिसर, राष्ट्रपति र प्रधानमन्त्रीको सरकारी निवास वरिपरी निषेधाज्ञा लगाउँदै आएको छ । निषेधाज्ञाका क्रममा सरकारकै मन्त्री समेत पक्राउ परेका थिए । जनमत पार्टी सरकारमा हुँदा उक्त पार्टीका अध्यक्ष सिके राउत र सामान्य प्रशासन मन्त्री अनितादेवी गिरफ्तारमा परेका थिए । नागरिक समाज र आमनागरिकलाई लगातार निषेधाज्ञा क्षेत्रबाट गिरफ्तार गर्दै आएको छ । निषेधित क्षेत्रमा प्रदर्शन गर्ने जोकोहीलाई नियन्त्रण गर्ने क्रममा शनिबार पनि प्रदर्शनकारीमाथि प्रहरी हस्तक्षेप भयो । ती भिक्षु कुटिए ।

जबकी लोकतन्त्रमा सडक सधैं नागरिकका निम्ति खुला हुनुपर्छ । सरकारले सुन्ने ठाउँमा उभिएर नागरिकले आफ्नो कुरा सुनाउने अधिकार संविधानमा सुनिश्चित गरेको हुन्छ । नेपालको संविधान २०७२ ले पनि नागरिकलाई मुलुकको सार्वभौम अधिकार दिइएको छ । अर्थात् सत्ता निर्माणको अधिकार मात्रै नभएर शासन प्रणाली चयन गर्ने अधिकार पनि जनतामा निहीत छ । तर सरकारले नागरिकका आधारभूत अधिकारमाथि निरन्तर हस्तक्षेप गर्ने नीति अख्तियार गरेको छ । संघीय सरकारको सिको गर्दै काठमाडौं महानगरका मेयर बालेन शाहले फुटपाथमा कडाइ गरिरहेका छन् । महानगरका प्रहरी लगाएर साना ब्यावसायीमाथि कडाइ गर्दै आएको छ । शान्ति वाटिकामा प्रर्दशन गर्न रोक लगाएका छन् । यसको अर्थ ती भिक्षु कुटिनु कुनै अलग्गै घटना होइनन् । नागरिकमाथि दमन भइरहेको एक दृष्टान्त मात्र हुन् । केही समय अगाडि फुटपाथमा डोरी टाँग्ने सरकारको निर्णयकै निरन्तरता हो । अर्थात् भिक्षु कुटिनु लोकतन्त्रमाथि खतरा कायम रहेको संकेत हो ।

# मोबाइल सेवामा 'डुओपोली' र 'मनोपोली' !

अग्रलेख



● अचुतकुमार ओझा

दूरसञ्चार क्षेत्रमा दोआधिकार (डुओपोली) रहेकाले थप सेवा प्रदायक भित्र्याउनुपर्ने चर्चा हुन थालेको छ । स्वयम् दूरसञ्चार प्राधिकरणको वार्षिकोत्सवमा पनि यो विषय उठेको थियो । नेपालमा कुनै समय छ वटा मोबाइल सेवा प्रदायक रहेकामा हाल चार वटा बन्द भएर दुई वटा सेवाप्रदायकले सेवा दिइरहेका छन् । नेपाल टेलिकम र एनसेल एक्जिएटा प्रतिस्पर्धाको दौडमा विभिन्न जोखिमबीच आफूलाई बचाउन सफल भए तर, बाँकी कम्पनीहरू कर र गैरकरको भार बोकेर हिँडिराख्न सकेनन् ।

अन्तरराष्ट्रिय दूरसञ्चार संगठन (आइटियू)ले २०२३ मा प्रकाशन गरेको एक प्रतिवेदनअनुसार सन् २०२२ को अन्त्यमा विश्वभर मोबाइल सेवाको औषत घनत्व एक सय आठ प्रतिशत रहेको छ । यस्तै, एसिया प्यासिफिक क्षेत्रमा मोबाइल सेवाको घनत्व ११०.६ प्रतिशत रहेको छ । तर, नेपाल दूरसञ्चार प्राधिकरणको २०८० को प्रतिवेदनअनुसार नेपालमा मोबाइल सेवाको घनत्व ११६.६९ प्रतिशत रहेको छ । नेपालले विकसित मुलुक सरह दूरसञ्चारको विकासमा फड्को मार्न सक्नुको मूल श्रेय मोबाइल सेवा प्रदायक दुई कम्पनी नेपाल टेलिकम र एनसेललाई जान्छ । दुई कम्पनीकै कारण सात प्रदेश, ७७ जिल्ला र सात सय ४३ स्थानीय निकायमा टु/थ्री/फोरजी मोबाइल सेवा पुगिसकेको छ ।

हालै नेपाल टेलिकमले काठमाडौं, वीरगञ्ज र पोखरा तीन ठूला सहरमा फाइभ जीको सफल परीक्षण गरिसकेको छ । फाइभ जीको व्यावसायिक अनुमति पाउनेबित्तिकै सेवा सुरुवात गर्ने तयारी अवस्थामा रहेको छ । २०७५/७६ देखि २०७९/८० सम्मको तथ्यांक हेर्दा मोबाइल सेवा प्रयोगकर्ताको संख्या बढेर दुई करोड ८७ लाख ४२ हजार एक सय एक पुगेको देखिन्छ । यसरी हेर्दा, सम्पूर्ण नागरिकको पहुँच मोबाइल सेवामा सहज रहेको देखिन्छ ।

भौगोलिक दृष्टिले हेर्ने हो भने सात सय ५३ मध्ये केवल १० स्थानीय निकायमा मात्र यो सेवा पुऱ्याउन बाँकी देखिन्छ । यस्तो अवस्थामा थप मोबाइल सेवा प्रदायकले कुन क्षेत्र, भूगोल र कहाँ सेवा पुऱ्याउन नयाँ अनुमतिपत्र लिने ? नयाँ आउने अपरेटरले कसलाई सेवा दिएर आफूलाई व्यवसायमा निरन्तरता दिने ? होइन भने हाल सेवा दिइरहेका मोबाइल सेवा प्रदायककै ग्राहक खोस्नुको विकल्प छैन । खोस्न सफल भएमा पनि राज्य र नागरिकले यसबाट प्राप्त गर्ने थप लाभ के हो ? अन्यथा, नयाँ प्रवेश पाउने हुन वा वर्तमान समयमा काम गरिरहेका सेवा प्रदायक सबैमा संकट नआउला भन्न सकिँदैन ।

विगतमा समेत लाइसेन्स पाएर पनि बजारमा टिक्न नसकी खारेजीमा परेका मोबाइल सेवा प्रदायकहरूको अवस्था हेर्दा नयाँले पनि पर्याप्त बजार नपाउने र पुरानाको पनि केही हिस्सा बजार खोसिँदा मोबाइल सेवा बजार गिजोलिएर विकास र विस्तारमा सुस्तता आउन सक्ने सम्भावना रहन्छ । यसैले यस्तो अवस्थालाई कसरी डुओपोली भन्न सकिएला ? जहाँ आम्दानी घट्दै गएको तर, ग्राहक संख्या बढ्दै गएको देख्न सकिन्छ । यसले दुईवटा कुरालाई संकेत गरेको छ । दूरसञ्चार क्षेत्रमा प्रविधिको परिवर्तन भइरहने हुँदा ग्राहक सन्तुष्टि र इच्छा पूर्तिको लागि मर्मतसम्भार र सञ्चालन खर्च क्रमशः वृद्धि हुँदै जाँदा लागत बढ्दै गएको देखिन्छ । अझ रोचक कुरा त बजार हिस्सा र ग्राहक संख्या बढ्ने तर, आय र मुनाफा भने उच्च प्रतिस्पर्धाका कारण खुम्चदै गएको देखिन्छ । यस्तो अवस्थालाई समेत सार्वजनिक खपतका लागि मात्रै मोबाइल सेवा क्षेत्रमा डुओपोली भयो भनेर बोल्नेहरूले कति अध्ययन र विश्लेषणको आधारमा बोलिरहेका छन् समिक्षा गर्नु पर्ने देखिन्छ ।

नेपाल टेलिकममा ९१.५३ प्रतिशत राज्यको लगानी छ । सञ्चालक समितिमा सात जनामध्ये पाँच जना नेपाल सरकारको कर्मचारीले नेतृत्व गर्छन् । यसको प्रबन्ध निर्देशक राज्यले नियुक्ति गर्छ । यी सबै प्रतिनिधिहरूमार्फत नीति तय गरिन्छ । फेरि पनि हामी भनिरहेका छौं, डुओपोली भयो । यो त राज्य र राज्यका निकायहरूले आफू र आफ्नै निकायलाई अविश्वास गरे जस्तो भएन र ? नेपाल टेलिकमलाई राज्यको दूरसञ्चार नीति कार्यान्वयन गर्ने मुख्य जिम्मेवारी रहेको छ । यसले तोक्ने महशुल दर ग्राहकमैत्री हुँदै आएको छ । यसको कारण निजी सेवा प्रदायकले समेत महशुल घटाउन बाध्य भएका छन् ।



> *राज्यले नागरिकका लागि खोलेका संस्थाहरू क्रियाशील रहेका क्षेत्रलाई डुओपोली र मनोपोलीको संज्ञा दिन मिल्दैन । बरू यस्ता तर्कहरू समाजवादको विपरीत दिशातिर अर्थतन्त्र र बजारलाई दौडाउने खेल हुन सक्छ । डुओपोलीको तर्क जनताको मनोभाव सकारात्मक बनाएर लाइसेन्स बेच्ने रकम उठाउने मात्रै हुनु हुँदैन ।*

आम उपभोक्ताले सस्तो मूल्यमा गुणस्तरीय मोबाइल सेवा उपभोग गर्ने अवसर पाएका छन् । अझ निजी र सरकारी मोबाइल सेवा प्रदायकले आफ्नो सेवा दस्तुर आफैँले निर्धारण गरी लागु गर्न सक्दैनन् । बरु दूरसञ्चार प्राधिकरणलाई प्रस्ताव गरी स्वीकृतिपछि मात्रै कार्यान्वयन गर्न सक्छन् । यसले गर्दा बजार र सेवा शुल्कहरूमा डुओपोली हुने सम्भावना अत्यन्त न्यून देखिन्छ । यदि दुवै निजी कम्पनी भएको भए डुओपोली भयो भन्ने तर्क स्वभाविक हुन सक्थ्यो । नेपाल टेलिकम सरकारी कम्पनी भएकोले बरु मोबाइल सेवा बजारमा हुन सक्ने डुओपोलीलाई रोक्न प्रभावकारी भूमिका निर्वाह गरेको देखिन्छ । जहाँ राज्यको लगानी भएको कम्पनी छ, त्यस्तो क्षेत्रलाई डुओपोली भन्न मिल्छ ? त्यसो हो भने आयल निगम, विद्युत् प्राधिकरण र साल्ट ट्रेडिङ्गमार्फत हुने व्यापारलाई एकाधिकार (मनोपोली) भन्न मिल्ने कि नमिल्ने भन्ने प्रश्न यहाँ खडा हुन्छ ? ती क्षेत्रमा थप सेवा प्रदायक किन न भित्र्याउने ?

तसर्थ, राज्यले नागरिकको लागि खोलेका संस्थाहरू क्रियाशील रहेका क्षेत्रलाई डुओपोली र मनोपोलीको संज्ञा दिन मिल्दैन । बरु यस्ता तर्कहरू समाजवादको विपरित दिशातिर अर्थतन्त्र र बजारलाई दौडाउने खेल हुन सक्छ । डुओपोलीको तर्क जनताको मनोभाव सकारात्मक बनाएर लाइसेन्स बेच्ने रकम उठाउने मात्रै हुनु हुँदैन । थप मोबाइल सेवा प्रदायक चल्न सक्ने बजार नेपालमा छ कि छैन ? आय घट्ने, लागत बढ्ने र मुनाफा खुम्चदै गएको तथ्याङ्कहरूले देखाइरहँदा तयारी र कारण बिना बजारमा प्रवेश पाउने मोबाइल सेवा प्रदायक फेरि टिक्न सकेन भने कुनै अनौठो घटना नमान्दा हुन्छ । यसले खारेजीमा पर्नेको संख्या चारबाट पाँच पुग्ने मात्र हो । तसर्थ, तथ्यहरूलाई गहिरोसँग बुझेर निराकरण खोज्न आवश्यक छ ।

मोबाइल सेवा क्षेत्रमा २०६१ मा एनसेलले लाइसेन्स लिँदा बढी बढाउबाट नवीकरण दस्तुर २० अर्ब तिर्ने सम्झौता गऱ्यो । यसले २०५६ मा लाइसेन्स लिइसकेको नेपाल टेलिकमलाई ६० अर्बको दायित्व सिर्जना गरिदियो । रोयल्टी ४ प्रतिशत, ग्रामीण दूरसञ्चार विकास कोष २ प्रतिशत, दूरसञ्चार सेवा शुल्क १० प्रतिशत, भ्याट १४.३० प्रतिशत (दूरसञ्चार सेवा शुल्कको समेत १३ प्रतिशत), आयकर ३० प्रतिशत, स्वमित्व कर, भन्सार महशुल तथा फ्रिक्वेन्सी दस्तुर प्रयोग गरेबमोजिम हुने व्यवस्था थियो । एनसेलको प्रवेशसँगै रु २० अर्बका दरले नवीकरण दस्तुरवापत थप व्ययभार बढ्न गयो । यसले राज्य र लगानीकर्ता दुवैलाई क्षति पुऱ्याएको छ ।

नेपालजस्तो देशमा छ वटा मोबाइल सेवाप्रदायक खाँचो थियो वा थिएन अध्ययन नगरी लाइसेन्स बाँड्ने काम भएको थियो । तोकिएको कर, गैरकर र नवीकरण दस्तुर वैज्ञानिक र व्यावहारिक हो होइन नहेरी लहड्मा बढी राजस्व उठाउने दाउमा लागू गरियो । यसले चार वटा कम्पनीको घाँटी निमोठी दियो । दूरसञ्चार क्षेत्रमा न त छ वटा मोबाइल लाइसेन्स बाड्नु अगाडि आवश्यक हो होइन अध्ययन हुन सक्यो, न त चार वटा मोबाइल सेवा प्रदायक डुबे पछि किन र के कारणले यस्तो अवस्था सृजना भयो भनेर समीक्षा नै हुनसकेको छ । फेरि खारेज भएका कम्पनीहरूलाई व्यावसायिक दक्षता र प्रभावकारिताको अभावले कम्पनी बन्द भएको कमजोरी देखाई पुनः थप मोबाइल सेवा सञ्चालन अनुमतिपत्र वितरण खुलाउनुपर्छ भन्ने बहस उठ्न थाल्नुले विभिन्न शंका उब्जाएको छ । अत्यधिक मात्रामा बढेको अनुमतिपत्र नवीकरण दस्तुरले सेवा प्रदायकबीच विभेद सिर्जना गरेको छ ।

नेपालमा ब्रोडव्याडको विकास नहुँदै दूरसञ्चार क्षेत्रमा बनेका कानुन र व्यवस्थाहरू सुधार गर्न आवश्यक छ । दूरसञ्चार क्षेत्रको मुख्य आम्दानीको स्रोत कुनै समय भ्वाइस सेवा थियो । हाल ब्रोडव्याण्ड आयको मुख्य स्रोत बन्न आइपुगेको छ । जुन समय भ्वाइस सेवा सञ्चालन गर्ने अनुमतिपत्र पाउन रु ३५ करोड दस्तुर तिर्नुपर्थ्यो र इन्टरनेट तथा इमेल सेवा सञ्चालन गर्न रु तीन लाखको लाइसेन्स लिनुपर्थ्यो । हालसम्म आइपुग्दा आम्दानीको मुख्य स्रोत र प्राथमिकता बदलिए पनि लाइसेन्स दस्तुर पुरानै नियममा चलिरहेको छ । त्यो समयमा बनेका नियमहरूले बदलिएको वर्तमान दूरसञ्चार क्षेत्रलाई अगाडि बढाउन सहज देखिँदैन, जुन न्यायोचित छैन । त्यसलाई परिमार्जन गर्न आवश्यक छ । मोबाइल तथा अन्य सेवा सञ्चालन लाइसेन्स नवीकरण दस्तुर आम्दानीको आधारमा निश्चित प्रतिशत तोकिनु उपयुक्त देखिन्छ । अन्यथा दूरसञ्चार क्षेत्रमा भएकै मोबाइल सेवा प्रदायकहरूको आर्थिक संकटको अवस्था देखिन थालिसकेको अवस्थामा थप सेवा प्रदायक भित्र्याउने संवाद बालुवामा पानी हाले सरह हुने देखिन्छ ।

दूरसञ्चार प्राधिकरणमा आउने हरेक नयाँ नेतृत्वले कुन क्षेत्र, नागरिक र के उद्देश्यको लागि थप मोबाइल सेवा प्रदायक भित्र्याउने भन्ने प्रश्नको ठोस जवाफ केहो खोजिनु पर्छ । कति जनसंख्या, भूगोल र आम्दानी हुने बजारमा कति मोबाइल सेवा सञ्चालन गर्न सकिन्छ । यसरी थपिने थप सेवाप्रदायक भइरहेका मोबाइल सेवाप्रदायकले नसकेको कुन नयाँ प्रविधि भित्राउनको लागि हो । केवल दुईको ठाउँमा तीन देखाउनको लागि मात्रै होइन । यस्ता प्रश्नको जवाफ खोज्न आवश्यक छ । यसबाट देश र नागरिकले पाउने थप लाभ के हो भन्न सक्नु पर्दछ । अन्यथा यति धेरै जोखिम, खुम्चदो आय र मुनाफा, बजार स्याचुरेसन, उच्च प्रतिस्पर्धा, महङ्गो लाइसेन्स नवीकरण दस्तुर र निजी आइएसपीहरूको फ्रि हटस्पट जस्ता समस्या यथावत कायम राखेर नयाँ मोबाइल सेवा सञ्चालन अनुमतिपत्रको लागि आवेदन माग गरिएमा आवेदन पर्ने विषय शंकास्पद छ । लाइसेन्स पाएकाहरू विगतमा बजारबाट पलायन भएको देख्दादेख्दै कोही सहभागी भएछन् भने बजारमा टिकिरहन चुनौतीपूर्ण हुने निश्चित छ । नयाँ आएकाले पुरानाको बजार हिस्सा खोसेर टिक्न सकेछन् भने पनि पुराना टिकी रहलान् वा नरहलान् यसै भन्न सक्ने अवस्था छैन ।

## सामाजिक सञ्जाल



**- डम्मर खतिवडा**

जसलाई मालिक मान्न तयार हुनुहुन्छ, तपाईं उसैको नोकर हुने हो । जसले कसैलाई मालिक मान्दैन, उसलाई कसले नोकर बनाउन सक्छ ? कमरेड ओलीलाई अझै २० वर्ष अध्यक्ष स्वीकार गरे एमाले कार्यकर्ता नै उनका दास हुने हुन्, अरुलाई के मतलब ? तर, नागरिकलाई दास बनाउने गरी शासक हुन खोजे तह लगाउने हामीले हो ।



**- पुरुषोत्तम ढुंगेल**

नेपालमा अदालत र न्यायधिशहरूको काम छैन, किनकि देशको सबैभन्दा जान्ने बुझ्ने न्यायधिश भनेको जो सुकै होस् प्रधानमन्त्रीको कुर्सिमा बस्ने प्रधानमन्त्री, प्रहरी प्रमुख आईजिपि, महानगर जाँचबुझ टोली र पार्टीका प्रवक्ता, यिनिहरूले गरेको फैसला नै मान्य हुने हो भने किन चाहियो न्यायालय र न्यायधिश ?



**- नवराज पन्त**

नेपालमा फुटपाथ व्यापारी, सटरवाला र ठूला व्यापारीहरू छन् । अहिले फुटपाथ व्यापारले जिविको पार्जन सम्भव छैन, ५० प्रतिशत सटर बन्द भयो, ठूला व्यापारीलाई ऋणको चार गुणा व्यापार देखाउनु पर्ने नीतिले ऋण लिने सक्दैनन् । अर्थ मन्त्रालय र गभर्नरले "फ्रि क्यास फ्लो" नीति लिएका छैनन् । यी दुईले सबै नेपाली लखेट्ने भए ।



**- बद्री विनोद खनाल**

हैन यो वैवाहिक बलात्कारको डढेलो कताबाट सल्कियो ? भेऊ पाउनै सकिएन हो, अब त रिस उठ्ने बित्तिकै आधा दर्जन छोरा छोरीकी आमा हो के होला र भन्न पनि नसकिने भो, कुन बेला कुन अदालतमा पुगेर वैवाहिक बलात्कारको मुद्दा खेप्नु पर्ने हो ? बिहे गरेकी श्रीमतिसँग ढुक्क हुने लोग्नेको आधार के रह्यो र ?

# सिद्धान्त दोष कि दृष्टि दोष ?

विचार



● शम्भू कट्टेल

